सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ४६ ♦ २०८१ साल भदौ २६ गते बुधवार ♦ 11 Sep 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# चुरे संरक्षणको नाममा ५ करोड अनियमितता भएको आन्तरिक प्रतिवेदन

**शैलेन्द्र महतो**

**भदौ २५ गते, जनकपुरधाम**




राष्ट्रपति चुरे संरक्षण विकास समितिको जनकपुरधामस्थित कार्यक्रम कार्यान्वयन इकाइले आर्थिक वर्ष २०७९/०८० मा चुरे संरक्षणका लागि छुट्याएको बजेटमा अनियमितता भएको पाइएको छ ।

समितिका बोर्ड सदस्य शशीकुमार शर्माले तयार गरेको आन्तरिक प्रतिवेदनमा चुरे संरक्षणको नाममा करिब ५ करोड २४ लाख ३२ हजार रुपैयाँ अनियमितता भएको उल्लेख छ ।

शर्माले २०८० को ८ देखि १४ पुससम्म स्थलगत निरीक्षण तथा अध्ययन गरी २० पृष्ठको प्रतिवेदन तयार पारेका छन् ।

प्रतिवेदनमा उपसचिव शिव पोखरेल संरक्षण विकास समितिको जनकपुरधाम कार्यक्रम कार्यान्वयन इकाइको प्रमुख रहेका बेला सञ्चालन नभएका कार्यक्रमहरूको फर्जी कागजात पेश गरी भुक्तानी दिएको, स्वीकृति विपरीतका योजनाहरु सञ्चालन गरी अनियमितता गरेको दाबी गरिएको छ ।

जनकपुरधाम इकाइमा आर्थिक वर्ष २०७९/०८० मा चालु र पुँजीगत खर्चका लागि ३९ करोड ८९ लाख ६० हजार रुपैयाँको बजेट स्वीकृत भएको थियो । जसमा १५० वटा कार्यक्रम सञ्चालन गरी बनाइएको एक्टिभिटी प्रोफाइलमा उल्लेख छ ।

एक्टिभिटी प्रोफाइल अनुसार तत्कालीन सब-इन्जिनियर रामईश्वर साहले १०३ वटा कार्यक्रम सम्पन्न गरेको प्रतिवदनमा उल्लेख छ । जसमा २५ करोड २७ लाख ५९ हजार २७३ रुपैयाँ खर्च भएको देखिन्छ । तर, उनले सम्पन्न गरेका कतिपय योजनाहरू कार्यक्रम प्रोफाइलमा समावेश नरहेको दाबी प्रतिवेदनमा छ ।

प्राविधिक सहायक कृष्णा साहले २८ वटा कार्यक्रम सञ्चालन गरी ५ करोड ५७ लाख ३८ हजार २ सय ९ रुपैयाँ खर्च गरेको देखाइएको छ । रेञ्जर रामनाथ चौधरीले १९ वटा कार्यक्रम सञ्चालन गर्दा १ करोड २८ लाख १६ हजार ४ सय ११ रुपैयाँ खर्च गरेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा उल्लेख भए अनुसार एक्टिभिटी प्रोफाइलका आधार मा कार्यक्रममा ३२ करोड २ लाख ९३ हजार ८९५ रुपैयाँ ५१ पैसा खर्च भएको देखिन्छ । जसमा ४ प्रतिशत कन्टिन्जेन्सी वापत १ करोड २८ लाख ८ हजार ५५५ रुपैयाँ खर्च हुन्छ ।

कार्यक्रम र कन्टिन्जेन्सी खर्च जोड्दा ३३ करोड ३० लाख २२ हजार ४ सय ५१ रुपैया खर्च भएको देखिन्छ । तर ५ करोड २४ लाख ३२ हजार रुपैयाँ राज्य कोषमा बाँकी देखिनुपर्नेमा नदेखिएको प्रतिवेदनमा उल्लेख छ ।

वार्षिक प्रगति समीक्षा गोष्ठीमा प्रस्तुत गरिएका कार्यक्रमहरूमा ९९ प्रतिशत खर्चको दाबी गरिएको छ । तर त्यस अनुसार खर्च विवरण नदेखिएको शर्माले प्रतिवेदनमा उल्लेख गरेका छन् ।

## अर्कै पोखरीको फोटो र फर्जी बिल पेश गरेर २८ लाख भुक्तानी

आर्थिक वर्ष २०७९/०८० मा धनुषाको मिथिला नगरपालिका-७ ढल्केबरमा ग्राउण्ड वाटर रिचार्ज कार्यक्रमको नाममा दुईवटा पोखरीको फर्जी बिल पेश गरी २८ लाख रकम लिएको दाबी प्रतिवेदनमा छ ।

एक्टिभिटी प्रोफाइलको ५ नम्बर कार्यक्रम अनुसार रामकुमार महतो अध्यक्ष रहेको औरही तटबन्ध गल्छी तथा पोखरी निर्माण उपभोक्ता समितिलाई १४ लाख १५ हजार ६५५ रुपैयाँ ६६ पैसा रकम भुक्तानी गरिएको छ ।

यस्तै एक्टिभिटी प्रोफाइलको ३३ नम्बर कार्यक्रममा समावेश गरिएका ग्राउण्ड वाटर रिचार्ज कार्यक्रममा त्यही छेउमा होमप्रसाद शर्मा अध्यक्ष रहेको औरही तटबन्ध गल्छी तथा पोखरी निर्माण उपभोक्ता समितिलाई १४ लाख ५ हजार ३६८ रुपैयाँ ६७ पैसा रकम भुक्तानी गरिएको एक्टिभिटी प्रोफाइल र प्रतिवेदनमा उल्लेख छ ।

बोर्ड सदस्य शर्माको छानबिन प्रतिवेदनमा अन्य कार्यालयबाट निर्माण भइसकेको दुबै पोखरीको तस्वीर राखेर फर्जी बिल भरपाइ तयार गरी रकम भुक्तानी गरेको दाबी गरिएको छ । आफ्नो प्रतिवेदनमा शर्माले यस विषयमा छानबिन गर्नुपर्ने उल्लेख गरेका छन् ।

प्रतिवेदनमा स्वीकृत कार्यक्रमको शीर्षक भन्दा बाहिर गएर र विना कुनै संशोधन कार्यक्रम सञ्चालन गरिएको उल्लेख छ । धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१ धर्मवानटोलमा जलाध नदीको किनारामा छठीघाट र मिथिला नगरपालिका-१० माथिल्लो वडहरी खोला फुटबल ग्राउण्ड नजिक खोलाको पश्चिम किनारामा निर्माण गरिएको कार्यक्रम स्वीकृत शीर्षकमा उल्लेख गरिएको स्थानभन्दा फरक तरिकाले सञ्चालन गरिएको छ ।

यसैगरी रातु नदी प्रणाली अन्तर्गत मिथिला नगरपालिका १० को माथिल्लो वडहरी खोलामा फुटबल ग्राउण्डको पूर्वपटी, खोलाको पश्चिम किनारामा गल्छी पहिरो कार्यक्रम चेक ड्याम लगाइएको छ । जुन स्वीकृत कार्यक्रमको शीर्षकमा समावेश गरिएको छैन भने एक्टिभिटी प्रोफाइलमा पनि समावेश नगरिएको प्रतिवेदनमा छ ।

सर्लाहीको लखनदेही नदी प्रणाली अन्तर्गत चक्रघटा गाउँपालिका वडा नं. २ बेल्ही नदी किनारा स्थिरीकरण कार्य लागत इस्टिमेट र खर्च विवरण अनुसारको कार्य फिल्डमा नभएको प्रतिवेदनमा दाबी छ ।

प्रतिवेदनमा इकाइले कार्यसम्पन्न पश्चात रकम भुक्तानी गर्दा सार्वजनिक सुनुवाइ र कार्यसम्पन्नको सिफारिस वडा कार्यालयबाट लिनुपर्नेमा सो कागजातहरू विना नै भुक्तानी गरिएको छ ।

*बाँकी पृष्ठ २ मा*



# चुरे संरक्षणको नाममा...

प्रतिवेदनमा कार्यालयको गाडी थन्क्याएर वर्षभरि भाडाको गाडी प्रयोग गरी रकम दुरुपयोग गरिएको र आवश्यकता भन्दा बढी संख्यामा सुपरभाइजरको रूपमा आफन्तलाई राखेर पैसा भुक्तानी गरिएको उल्लेख छ ।

**धेरै कार्यक्रम विधि प्रक्रिया मिचेर गरेको दाबी**

परामर्श शीर्षकमा १० लाख रुपैयाँ विनियोजन गरिएकोमा प्रक्रियाविना इन्जिनियर अमर साह र जागिरबाट अवकाश कर्मचारी ओभरसियर काशीप्रसाद साहलाई मिलोमतो तरिकाले भर्ना गरी ८ लाख ५० हजार रुपैयाँ हिनामिना गरेको दाबी प्रतिवेदनमा छ ।

यस्तै फलफूल बिरुवा खरिद र वितरण शीर्षकमा २० लाख विनियोजन भएकोमा नकटाझिज नर्सरी, लालबन्दी सरकारी नर्सरी र केही प्राइभेट नर्सरीबाट बिरुवा खरिद गरिएको भनिए पनि उपभोक्तालाई वितरण नगरिएको र महालेखा नियन्त्रक कार्यालयले सो खरिद गरेको बिरुवा वितरणको बेरुजु निकालेको प्रतिवेदनमा उल्लेख छ ।

तत्कालीन प्रमुख शिव पोखरेल असोज २०८० मा बृहत्तर जलाधार आयोजना उदयपुरमा सरुवा भएका छन् । त्यस बेलाका अरु कर्मचारी पनि अन्यत्र सरुवा भइसकेका छन् ।

बोर्ड सदस्य शर्माले सम्बन्धित निकायहरूले यस विषयमा तत्काल छानबिन गरी जिम्मेवार व्यक्तिहरूलाई कारवाही गर्न माग समेत गरेका छन् ।

**बोर्ड अध्यक्ष भन्छन्- आन्तरिक प्रतिवेदन हो**

२०८० को फागुन पहिलो साता बोर्डमा बुझाएको प्रतिवेदन उपर छानबिन गरिरहेको बोर्डका अध्यक्ष डा. किरण पौडेलले बताए।

'त्यो बोर्डको आन्तरिक प्रतिवेदन हो । त्यसमाथि हामीले छानबिन गरिरहेका छौं । बोर्ड सदस्यले तयार गरेको प्रतिवेदनमा कतिपय व्यक्तिगत कुरा पनि हुन्छन् । प्रतिवेदन अनुसार आधार प्रमाण पनि चाहिन्छ', उनले भने ।

उनका अनुसार बोर्डले यस्ता आन्तरिक प्रतिवेदनहरु तयार गरि रहन्छ ।-अनलाइन खबर

# मोटरसाइकलको ठक्करबाट स्कुलबाट फर्किरहेकी बालिकाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**भदौ २५ गते, जनकपुरधाम**




धनुषामा नम्बर नखुलेको मोटर साइकलको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ। क्षिरेश्वरनाथ नगरपालिका-७ महादेवमण्ठकी ७ वर्षीया रचना यादवको विद्यालयबाट घर फर्किने क्रममा दुर्घटनामा परि ज्यान गएको हो।

प्रहरीका अनुसार आज बिहान साढे ९ बजेतिर दुर्गातुल्सी राष्ट्रिय आधारभूत विद्यालयबाट परीक्षा सकेर फर्किरहेकी रचनालाई तीव्र गतिमा आएको मोटरसाइकलले ठक्कर दिएको थियो। ठक्करबाट बालिकाको घटनास्थलमै मृत्यु भएको छाठक्कर दिने मोटरसाइकल चालक घटनापछि फरार रहेका छन्।

इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका प्रहरी निरीक्षक सोनुकुमार साहका अनुसार फरार चालकको खोजी तीव्र रूपमा भइरहेको छ। बालिकाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको छ।


सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**डिभिजन सडक कार्यालय**

**मुजेलिया, जनकपुर**



**विद्युत चुहावट बन्द गरौं । सभ्य समाजको निर्माणमा अग्रसर होऔं । विद्युत महशुल नतिर्ने ग्राहक वर्गको जुनसुकै बेला पनि विद्युत लाईन काटिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

नेपाल विद्युत प्राधिकरण

**प्रादेशिक कार्यालय, मुजेलिया, जनकपुर**



**सूचना ! सूचना !! सूचना !!!**

सडक हामी सबैको सांझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर,गोबर ,खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटना बाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**हुलाकी सडक आयोजना**

**धनुषा**



**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौं ।**

**डिभिजन वन कार्यालय**

महोत्तरी



**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौं ।**

**डिभिजन वन कार्यालय**

धनुषा



सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास

डिभिजन कार्यालय, धनुषा



कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तर ईका जिल्लाहरुमा भूमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भूमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भूमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

भूमिगत सिंचाई विकास डिभिजन

महोत्तरी फोन नं. ०४४-५२०४५४





# कोशीटप्पुमा पर्यापर्यटन र जैविक विविधता संरक्षण गर्न सरकार प्रतिबद्ध : मुख्यमन्त्री सिँह

**खबर दर्पण समाचारदाता**
**भदौं २५ गते, जनकपुरधाम**



मधेश प्रदेशमा पर्ने कोशीटप्पु वन्यजन्तु आरक्षमा पर्यापर्यटनसँगै जैविक विविधता संरक्षणका विषयमा मुख्यमन्त्री सतिशकुमार सिँहसँग आरक्षका वार्डेन, राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका पदाधिकारीहरूले मंगलबार छलफल गरेका छन् ।

जनकपुरधामस्थित मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मुख्यमन्त्री सिँहलाई भेटेर कोशीटप्पु वन्यजन्तु आरक्ष तथा मध्यवर्ती क्षेत्रमा वन्यजन्तु उद्धार केन्द्र निर्माण, पर्यापर्यटन विकास एवम् जीविकोपार्जन सुधार व्यवस्थापनका विषयमा छलफल गरेका हुन् ।

आरक्षको वन्इजन्तु उद्धार केन्द्रमा चितवन राष्ट्रिय निकुञ्जबाट चार वर्षकी पुष्पा र तीन वर्षकी अञ्जली गरी दुईवटा एकसिंगे गैडा ल्याइएको छ ।गत वर्ष असोजमा ल्याइएका दुवै गैँडाका लागि उद्धार केन्द्र वरपरको तीन हेक्टर क्षेत्रफलमा चरण क्षेत्र बनाइएको छ। त्रियुगा नदीको नजिकको यो ठाउँमा गैँडालाई पानी खुवाउने र आहाल खेल्न सक्ने व्यवस्था गरिएको छ ।

गैँडा चरणका लागि क्षेत्रफल थप गरी घाँसेमैदान विस्तार तथा विभिन्न प्रजातिअनुसार संरचना निर्माण आवश्यक रहेको कुरा संरक्षणकर्मीहरूले मुख्यमन्त्री सिँहलाई बताएका छन् ।

आरक्षमा खोरलगायत संरचात्मक कार्य भएपछि बाघ व्यवस्थापन हुन सक्ने र त्यसबाट गैँडासँगै बाघका लागि पनि टप्पु क्षेत्रमा जङ्गल सफारी आरम्भ भई त्यसक्षेत्रको पर्यापर्यटनले गति लिने मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष जङ्गबहादुर खडकाले बताए ।

नेपाल सरकारले आरक्ष वरपरका समुदायलाई संरक्षणमा प्रत्यक्ष सहभागी गराई तिनीहरूको जीवनस्तर सुधार गर्ने उद्देश्यले गत २०६१ सालमा मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो । २०३२ सालमा स्थापना भएको नेपालको एकमात्र वन्यजन्तु आरक्ष रहेको कोशीटप्पु वन्यजन्तु आरक्षाको १७५ किलोमिटर वर्गकिलोमिटरमा १७३ वर्ग किलोमिटर थप गरी मध्यवर्ती क्षेत्र घोषणा भएको हो ।

मध्यवर्ती क्षेत्रमा सुनसरी र उदयपुरसँगै मधेश प्रदेशको सप्तरी जिल्ला पनि छ ।

टुहुरा, असहाय, असशक्त, घाइते र समस्याग्रस्त वन्उजन्तुको उद्धार, उपचार र व्यवस्थापन गर्ने र उद्धार गरिएका वन्यजन्तुको पालनपोषण गरी प्राकृतिक बासस्थलमा छाड्नेलगायतका कामका लागि निर्माण गरिने उद्धार केन्द्रका लागि मधेश प्रदेश सरकारले चालू आर्थिक वर्षमा ७५ लाख रुपैयाँ विनियोजन गरिएको छ। मुख्यमन्त्री सिँहले वनजीवहरूको संरक्षण र व्यवस्थापनका लागि प्रदेश सरकार गम्भीर रहेको भन्दै मध्यवर्ती क्षेत्रमा उद्धार केन्द्र निर्माण र पर्यापर्यटन विकासका लागि सरकारले हरसम्भव प्रयास गर्ने संरक्षणकर्मीहरूलाई आश्वासन दिएका छन् ।

मध्यवर्ती क्षेत्रमा वन्यजन्तुका प्रजातिअनुसार आवश्यक पर्ने भवन, उपचार गर्ने कोठा, इन्कलोजर, मचान, पोस्टमार्टम गर्ने कोठा, वन्यजन्तुका लागि पानी पोखरी, केन्द्र परिसर सुरक्षाका लागि पर्खाल र तारबारहरू लगायतका भौतिक संरचना निर्माणको अपेक्षा संरक्षणकर्मीहरूको छ ।

संरक्षणकर्मीहरूले स्थानीय बासिन्दाको जीविकोपार्जन सुधारका लागि माछापोखरी निर्माण, होमस्टे प्रवर्द्धन, राहतलगायतका सेवासुविधाको उपलब्धता कायम गरिनुपर्ने आग्रह गरेका छन् ।


## सहभागिता मार्फत शुसासन

न्याय विना शान्ति, शान्ति विना विकाश र विकाश विना सरकारले बैधता पाउन नसक्ने हुनाले न्यायीक सम्पादन कार्यमा गरिव, महिला, बालबालिका घरेलु हिंसा पिडित र महिलाहरुको सहभागिता मार्फत न्यायीक पहुँच विस्तार गर्न सकिन्छ।

मटिहानी नगरपालिका, महोत्तरी

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

## सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्य सम्झनु होस् ।

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- ✓ पत्रिका
- ✓ क्यालेण्डर
- ✓ रजिष्टर, डाइरी
- ✓ किताब
- ✓ परीक्षा कपी
- ✓ पर्चा पम्पलेट
- ✓ बिल, भाउचर,
- ✓ स्क्रिन प्रिन्ट
- ✓ विवाह कार्ड
- ✓ प्रमाण पत्र
- ✓ भिजिटिङ्ग कार्ड
- ✓ झोला प्रिन्ट
- ✓ रबर स्टाम्प
- ✓ फ्लेक्स प्रिन्ट
- ✓ ब्यानर प्रिन्ट
- ✓ होर्डिङ्ग बोर्ड
- ✓ स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जनकपुरधाम-२४ का वडाध्यक्ष र सचिव साढे ४ लाख घुससहित अख्तियारको फन्दामा



**खबर दर्पण समाचारदाता**
**भदौ २५ गते, जनकपुरधाम**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. २४ का वडाध्यक्ष र वडासचिवसहित तीन जना ४ लाख ५० हजार रुपैयाँ घुससहित पक्राउ परेका छन् ।

वडाध्यक्ष ५७ वर्षीय उपेन्द्र सहनी, वडा सचिव ५२ वर्षीय उपेन्द्र साह र कार्यालय सहयोगी ४५ वर्षीय विजय मण्डललाई रंगेहात पक्राउ गरेको हो ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टंगाल र बर्दिबास कार्यालयको संयुक्त टोलीले उनीहरुलाई घुस रकमसहित नियन्त्रणमा लिएको हो ।

अख्तियारका बर्दिबास कार्यालय प्रमुख रामबहादुर कुरुम्वाङका अनुसार उनीहरूलाई वडा कार्यालय परिसरबाटै घुस लिँदै गर्दा नियन्त्रणमा लिइएको हो । घरबाटो प्रमाणित गर्ने कामका लागि सेवाग्राहीसँग घुस मागेको सूचना आएपछि टोलीले उनीहरूलाई पक्राउ गरेको र थप अनुसन्धान भइरहेको छ ।

# रेल्वे विभागले सुचना लुकाएको भन्दै अदालतको परमादेश जारी




**खबर दर्पण समाचारदाता**
**भदौ २५ गते, बर्दिवास**

रेल्वे विभागले सुचना लुकाएको भन्दै बर्दिवास रेल्वे पिडितले दिएको रिटउपर उच्च अदालत पाटनले उत्प्रेषण परमादेश जारी गरेको छ ।

रेल्वे पिडितहरुले पटक-पटक सुचना माग्दा पनि सुचना लुकाएको व्यहोरासहित बर्दिवास-१ का ज्ञान बहादुर थापाले पिडितहरुको प्रतिनिधित्व गर्दै राष्ट्रिय सुचना आयोग, रेल विभागका माहानिर्देशक रोहित कुमार बिसुराल र सुचना अधिकारीविरुद्ध दायर गरेको रिटमाथी अविलम्ब सुचना उपलब्ध गराउन आदेश जारी भएको हो ।

रेल्वे पिडितहरुले २७ चैत्र २०८० मा मुआब्जा सम्बन्धि मापदण्ड निर्धारणको कागजात, निर्धारण गर्दा लिएको बाटो सम्बन्धि आधार, मुआब्जा बुझिलिनेको नामावली, बर्दिवास नगर पालिकाले प्रदान गरेको नक्सा जस्ता विषयहरु माग गर्दा नदिएपछि मुद्दा दर्ता गरेका थिए। संयुक्त इजलाशबाट न्यायधिशद्धय विदुर कोइराला र रमेश ढकालले १९ भदौमा गरेको फैशालाले निवेदकले माग गरेको सुचना अविलम्ब उपलब्ध गराउन आदेश जारी गरेको हो ।

नेपालको संविधान धारा-२७ तथा सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ को उपदफा १ र २ बम्मोजिम सुचनाको हकको सुनिश्यत गर्दै आवस्यक सुचना उपलब्ध गराउनुपर्ने निर्देशन समेत भएको छ ।

**आगलागि भएमा सम्पर्क गरौं**

जनकपुरधाम उप महानगरपालिकाको अकास्मिक सेवा वारुण यन्त्र शाखाको सम्पर्क नम्बर ९८५४०२००४ र ०४१-५२००११ मा आगलागी भएका सम्पर्क गर्न हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

**जनकपुरधाम उपमहानगरपालिका**

**सूचना ! सूचना !!! सूचना !!!**

आफ्नो गाई भैसीहरुमा कृत्रिम गर्भाधान गराइ उन्नत किसिमका पाडा-पाडी, बाच्छा-बाच्छी उत्पादन गरी दूध उत्पादन बढाऔं ।
हिउँद तथा वर्षे घासको विकास गरौं र उन्नत किसिमका घासको श्रोत केन्द्र स्थापना गरी आत्म निर्भर बनौं । पशु बिमा गरि पशु धनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जनकपुरधाम**

**सूचना ! सूचना !!! सूचना !!!**

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, महोत्तरी**

**"स्वस्थ रहौं, खुसी र सुखी रहौं"**

**स्वास्थ नै धन हो ।**

**स्वस्थ/निरोगी र दिर्घायु जिवनका लागि खानपान सम्बन्धि ब्यवहारहरु ।**

१. हरेक दिन विभिन्न थरिका खानेकुराहरु खाने ।
२. हरेक दिन प्रयाप्त मात्रामा फलफूल र हरिया साग सब्जी खाने ।
३. हरेक दिन दाल र गेडागुडी खाने ।
४. माछा, मासु वा अण्डा नियमित रुपमा खाने ।
५. हरेक दिन दुध र दुधजन्य खानेकुराहरु खाने ।
६. खाना पकाउँदा तेल वा घ्यु थोरै मात्रामा प्रयोग गर्ने ।
७. स्वास्थ्यमा हानी पुऱ्याउने खाना सम्बन्धी अन्ध विश्वासबाट सावधान रहने ।
८. खानामा कम मात्रामा सधै आयोडिन युक्त नुन मात्र प्रयोग गर्ने ।
९. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा खाने ।
१०. हरेक दिन ताजा र सफा खाना खाने र प्रयाप्त मात्रामा पानी पिउने ।
११. नियमित रुपमा शारीरिक ब्याम गर्ने ।
१२. परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टीक खाना खाने ।
१३. पौष्टिक तत्व कम भएका एवं बढि गुलिया, चिल्ला र नुनिला तयार पारेका खानेकुराहरु कम खाने ।
१४. मदिरा जन्य पेय पदार्थ उपभोग नगर्ने ।
१५. शिशुलाई प्रयाप्त मात्रमा स्तनपान गराउने ।
१६. शिशु ६ महिना पुरा भएपछी स्तनपानको साथसाथै थप खाना खुवाउने ।
१७. गर्भवती र स्तनपान गराउने आमाले थप पोषिला खानेकुराहरु खाने ।
१८. बढ्दो उमेरका किशोर किशोरीहरुले खानपान सम्बन्धि स्वस्थ बानी बसाल्ने ।
१९.जेष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने ।

**जिल्ला स्वास्थ्य कार्यालय,**
**धनुषा जनकपुरधाम, मधेस प्रदेश**

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

शैक्षिक सत्र २०८१ को लागि कक्षा ११ मा वाणिज्य तथा शिक्षा संकायमा भर्ना खुल्यो ।

**श्री राम विलास यादव चन्देश्वर यादव जनता मा.वि. भोईल टिमकिया**

औरही न.पा.-७, महोत्तरी

**हाम्रा सेवाहरू:**

- नि:शुल्क नामाङ्कन तथा अध्यापन।
- अनुभवी प्रध्यापकहरुद्वारा अध्यापन गराइने ।
- नि:शुल्क पाठ्य पुस्तकहरुको व्यवस्था ।
- ईन्टरनेट, मल्टिमिडिया, प्रोजेक्टर तथा स्मार्ट बोर्डको माध्यामबाट अध्यापन हुने ।
- बिहानी सत्रमा कक्षा संचालन हुनेछ ।

Admission open
**MANAGEMENT**
**EDUCATION**

भर्ना फारम वितरण: २०८१ श्रावण ६ गते देखि
कक्षा संचालन: २०८१ श्रावण १६ गते देखि




सम्पर्क नं. :
9854030780, 9807687177

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,